# Pun Samaaj UK

Estd: 2007

UK CHARITY REG NO -1160842


Samaaj's Website: www.punsamajuk.com

Samaaj's E-mail Add: punsamaajuk@gmail.com

Committee Board's E-Mail Add: newcommittee_boardonly@yahoo.co.uk


# Constitution 2007

## पुन समाज यु.के.

## बिधान २००७

# पाचौं संस्करण

# 5th Eddition

14.Jan.२०१७

युके च्यारिटी नं. - ११६०८४२

# बिधान बिषय सुची

**बिषय** **पृष्ठ**


| | |
|---|---|
| प्रस्तावना - प. १ देखि प. ६ | ----------3 |
| परिच्छेद् - १ – नाम, परीभाषा, लेटरप्याड, झन्डा, लोगो-छाप र कार्यालय | ------4 - 5 |
| परिच्छेद् – २ – समाजको उद्देश्य र सदस्यता | -------6 - 8 |
| परिच्छेद् – ३ – साधारण सभा, अधिवेशन र कार्यसमिती | ------ 9 -11 |
| परिच्छेद् – ४ - काम, कर्तब्य र अधिकार | ------12 -14 |
| परिच्छेद् – ५ – आर्थिक ब्यबस्था | ----------15 |
| परिच्छेद् – ६ – निर्वाचन, विधान सँशोधन् तथा विविध | -------16- 21 |

# पुन समाज यु.के.को बिधान

**प्रस्तावना:**

**प. १:** नेपाल बहु-जातिय, बहु-भाषिक, बहु-साँस्कृतिक, बहु-धार्मिक भएको देश हो। नेपालमा बसोबास गर्ने सबै जातजातिहरुले आआफ्नै भाषा र सँस्कार सँस्कृतिहरुको सँरक्षण गर्नको लागि आ-आफ्नै जात-जाति र समुदायको नामबाट संस्थाहरु खोलेका छन। बिभिन्न जात-जाती भित्रको एउटा जाती हो मगर। इतिहाँसकार, मानवशास्त्री तथा समाजशास्त्री हरुले **मगर जाति भित्र ११०० भन्दा बढी उप-थर** हरु छन् भनेर उल्लेख गरेका छन् यी उप-थर हरुलाई आ-आफ्नो **गोत्र, कुल अथवा बंशावली अनुसार जम्मा ७ प्रमुख थरहरुमा** बिभाजन गरेका छन्। ति हुन्:

**(क)- थापा, (ख)- राना, (ग)- आले, (घ)- घर्ती, (ङ) - बुढा, (च)- पुन, (छ)- रोका**

**प. २:** पुन थर भित्र पनि **५० भन्दा** बढी उप-थरहरु छन्। यी उप- थरहरु ठाउँ अनुसार फरक, फरक पाइन्छन् । कुनै पनि समुदायहरुको भाषा, संस्कार तथा संस्कृति हरु समयको काल खण्ड र भौगोलिक बिभिद्धता अनुसार फरक हुने गर्दछन।

**प.३:** बिशेष गरेर चार हजार पर्वतमा बस्ने (अहिलेको धौलागिरी सेरोफेरो मा बस्ने) पुनहरुले आफ्नो समुदायहरुको उत्थानको लागि २०१३ साल माघ १३ गते भएको म्याग्दी औंल सम्मेलन बाट बिधिवत रुपमा पुन सुधार समिती संस्थाको गठन गरेका हुन। त्यसपछी बसाइ सराई संगै नेपाल अधिराज्य भरी छरिएर रहेका पुन समुदायहरुले बिभिन्न नाम बाट पुन समुदायको लागि बिभिन्न सामाजिक कार्यहरु गर्दै आएका थिए।

**प. ४:** यसरी बिभिन्न ठाउहरुमा छरिएर रहेका पुन समुदायहरुको संस्थाहरुलाई एकता गराउदै एउटै नाम र उदेश्यमा निहित रहनको लागि जेष्ठ २९ गते २०६३ सालमा पुन समाज नेपाल बिधिवत रुपमा दर्ता भै पुन समुदायहरुको भाषिक साँस्कृतिक र पहिचानहरुलाई सम्बर्धन् र सँरक्षण गर्दै आएको थिए। देशको परिस्थितीले गर्दा चाहे त्यो गोर्खा भर्ती बाट होस् या अन्य रोजगारको लागि होस् बिदेशिने परम्पराले हामी पुनहरुपनि अछुतो रहेनौ।

**प. ५:** यही क्रममा हामी बेलायत आएर बसोबास गर्ने पुनहरुको संख्या पनि धेरै हुन पुगेकोछ । बेलायतमा बसोबास गर्ने पुन समुदायहरुमा सहयोगहरु आदान-प्रदान गर्न, गराउन र हाम्रो सँस्कार सँस्कृतिहरुलाई बिदेशमा रहे पनि सँरक्षण गर्न एक संस्थाको महसुस गर्दै पुन समाज यु.के. सन् २००७ मा स्थापना भएको हो। पुन समाज यु.के. लाई सन् २०१५ बाट पुन समाज नेपालले जिल्ला सरहको मान्यता प्रदान गरिसकेको छ।

**प. ६:** पुन समाज यु. के. ले मिति ११ मार्च २०१५ (11 March 2015) तारिख युके च्यारिटी कमिसन (UK Charity Commision) मा दर्ता भै दर्ता नं. 1160842 प्राप्त गरि बैधानिकता पाएको छ।

# परिच्छेद - १
# नाम, परिभाषा, लेटरप्याड, झन्डा, लोगो र कार्यालय

## १.0: नाम:

(क): यस संस्था (समाज) को नाम **'पुन समाज यु.के."** रहेकोछ।

(ख): यस संस्था **सन्** २००७ मा स्थापना भएको हो।

(ग): अंग्रेजिमा संस्थाको नाम **'PUN SAMAAJ UK'** रहेकोछ।

(घ): स्थापना कालमा बहुमत सदस्यहरुको निर्णय बाट पुन समाज युके नामाकरण भएको हुँदा यस संस्थाको नाम परिवर्तन गर्नु परेमा अधिवेशन बाट संस्थाको सम्पूर्ण सदस्यहरुको दुइ तिहाई बाट अनुमोदन भएमा परिवर्तन गर्न सकिनेछ।

(ङ): पुन समाज यु.के. स्थापना गर्दा तदर्थ समितिमा रहेका सबै सदस्य हरु संस्थाको संस्थापक सदस्य रहने छन।

## १. १: परीभाषा: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा:

(क): **संस्था (समाज)** भन्नाले पुन समाज यु.के.लाई सम्झनु पर्छ।

(ख): **विधान** भन्नाले पुन समाज युकेको बिधान २००७ (नेपालीमा) र युके च्यारिटी कमिसन (UK Charity Commission) को बिधान २०१५ (अंग्रेजीमा) लाई सम्झनु पर्छ।

(ग): **केन्द्रिय समिती** भन्नाले यस विधानको परिच्छेद – ३, दफा - ३.४ बमोजिमका गठित कार्य समिति लाई जनाउने छ।

(घ): **सदस्य** भन्नाले यसै विधान बमोजिम प्रदान गरिएको परिच्छेद – २, दफा २.१, २.२ र २. ३ का सदस्यहरुलाई जनाउनेछ।

(ङ): **शाखा समिति** भन्नाले पुन समाज युकेको केन्द्रिय समितीको मातहतमा रहने गरि बिभिन्न क्षेत्रमा खोलिएका शाखा समितिहरुलाई जनाउनेछ।

(च): **उपसमिती** भन्नाले पुन समाज युकेको केन्द्रिय समितीको मातहतमा खोलिएका महिला समिति यु.के. र पुन युवा क्लब यु.के. लाई जनाउनेछ।

(छ): **मानार्थ सदस्य** भन्नाले पुन हरुको भाषा, सँस्कृतिमा योगदान गरेका अन्य नेपाली वा बिदेशी हरुलाई केन्द्रिय समितिको निर्णयले प्रदान गरिएको सदस्य लाई सम्झनु पर्छ।

(ज): **पुन समाज यु.के.को यो बिधान** बेलायत बासी पुन समाज युकेको सदस्य र सदस्यको परिवारहरुलाई मात्र लागु हुनेछ।

(झ): **पुन समाजको सदस्यता** भएका पुनहरु नेपाल र नेपालीको लागि काम गर्नेकुनै पनि संस्थाहरुमा बसेर काम गर्न स्वतन्त्र हुने छन।

(ञ): **पुन भित्रको उप-थर या पत** भन्नाले बिभिन्न ईतिहास र दस्तावेजहरुमा जनाइएका पुन भित्रको अन्य उप-थर या पत हरुलाई जनाउनेछ।

(ट): **साधारण सभा** भन्नाले बर्षमा एकपटक गरिने सम्पूर्ण सदस्यहरु रहने गरि बोलाईएको सभालाई बुझाउनेछ।

(ठ): **अधिवेशन** भन्नाले ३ बर्षमा कार्यसमिती परिवर्तन हुने सभा (बैठक) लाई लाई बुझाउनेछ।

(ड): **पुन** भन्नाले मगर जाती भित्र पर्ने समुदाय भएता पनि आफ्नै मौलिक भाषिक र साँस्कृतिक बिभिवता भएका पुन हरुलाई बुझाउनेछ।

## १.२: लेटरप्याड:

(क): संस्थाको लेटरप्याद संस्थाको चिट्ठीपत्रहरुको लागि प्रयोग गरिन्छ। देब्रे पट्टी पुन समाजको लोगो रहनेछ। बिचमा संस्थाकोनाम, स्थापना मिती र च्यारिटी न. रहनेछ। दाहिने पट्टी समाजको झन्डा रहनेछ। अन्तिममा (तलको भागमा) समाजको सम्पर्क इमेल, वेबसाईट, ठेगाना र टेलिफोन नं. रहने छ।

PUN SAMAAJ UK
ESDT: 2007
UK CHARITY REG NO-1160842

| | | |
|---|---|---|
| Website | : | www.punsamajuk.com |
| Samaaj's Email | : | punsamaajuk@gmail.com |
| Committee's Email | : | newcommittee_boardonly@yahoo.co.uk |
| Address | : | 20 Fulwood Avenue, Wembley, Middlesex, HA0 1LT (Mob-07846066922) |

## १.३: झन्डा:

(क): पुन समाज यु.के. को झन्डा पुन समाज नेपालको जस्तै तल रातो माथि सेतो कपडामा बिचमा समाजको लोगो अन्कित हुनेछ। पुन समुदायमा कुनै पनि शुभकार्य हरू गर्दा दर-देवता हरूलाई सेतो र रातो धजा चढाईन्छ। माथीको सेतो रंगले शान्तिको प्रतिक तलको रातो रंगले परिवर्तनशिलको प्रतिक बुझाउनेछ।



## १.४: लोगो:

(क): पुन समाज यु.के.को लोगो बाहिर पट्टिको ९ **वटा कोणले** करबाकेली बाबा सम्बन्धित ईतिहासलाई जनाउनेछ। भित्रपट्टीमाथिल्लो भागमा नेपालीमा समाजको नाम तल्लोपट्टी अंग्रेजिमा समाजको नाम र भित्र गोलाकारमा करबाकेली बाबाको चित्र, स्थापना मिती र युके च्यारिटी नं. रहनेछ।

## १.५: संस्थाको कार्यालय:

(क): यस् संस्थाको कार्यालय कार्यसमितिले तोकेको ठाउमा रहनेछ। शाखा समिती, उप समिती, बिभाग या क्लबहरुको कार्यालय सम्बन्धित समितिले तोकेको ठाउमा रहनेछन।

# परिच्छेद - २
# उदेश्य र सदस्यता

## २.0: पुन समाज यु.के.को उदेश्य निम्न अनुसार रहनेछ:

**(क):** दु:ख र पिडामा परेका बेलायत बासी पुन हरु लाई आर्थिक सहयोग गर्ने।

**(ख):** पुन हरुको भाषा सँस्कृति र परम्पराको सम्बर्दन र सँरक्षण तथा पुन हरुको इतिहासको अनुसन्धानको निम्ती कार्य गर्ने।

**(ग):** साँस्कृतिक कार्यक्रम हरु लगायत अन्य कार्यक्रमहरु गर्ने।

**(घ):** देश तथा बिदेशमा रहेका पुनहरुको संस्था संग संपर्क गर्दै सम्बन्ध कायम गर्ने।

**(ङ):** पुन समुदायको उत्थानको लागि योगदान दिने व्यक्ति वा संस्थाहरुलाई र पुन समुदाय भित्र बाट उच्च शिक्षा हासिल गर्ने युवा युवतीहरुलाई सम्मान र सहयोग गर्ने।

**(च):** पुन समाज यु.के.लाई सधैं भर सेवामा केन्द्रित गर्दै एउटा परोपकारी संस्थामा स्थापित गर्ने।

**(छ):** दैवी प्रकोप र दु:ख मा परेका मानव हरुलाई पनि सहयोग गर्न सक्नेछ।

**(ज):** सेमिनार, गोश्ठि, भेटघाट, छलफल अन्तर्कृया तथा प्रशिक्षण सन्चालन गर्ने।

**(झ):** बेलायत स्थित अन्य संस्थाहरु बाट आएका निमन्त्रणा हरुमा प्रतिनिधित्व गर्ने।

**(ञ):** पुन समाज यु.के.बिशुद्ध सामाजिक संस्था भएको हुनाले कुनै पनि ब्यक्तिगत स्वार्थ, राजनीति र धर्मबाट अलगर हनेछ।

**(ट):** पुन समाज यु.केको आजीवन वा साधारण सदस्यता भैसकेपछी सदस्य भित्रका ब्यक्तिहरुको निधन भएमा हरेक सदस्यले **अनिवार्य £१०.०० (दस पाउन्ड) शुल्क (कोरोमानो - भेटी)** उठाउनु पर्ने छ ।

**(ठ):** पुन समाज यु.के.ले DPA 1998 (**Data Protection Act 1998**) गोपनियता, **Human Right Act** 1998 (मानव अधिकार), र **Equal Oppurtunity Act 1998** (समान अवसर) को पालना गर्नेछ।

**(ड):** पुन समाज युके ले नेपालमा पुन समुदायहरुमा भै परि आउने विभिन्न दु:ख, घटना र सामाजिक परोपकारी कामहरु लगायत भुकम्प, दैबी प्रकोप र बाढी पिडितहरुलाई पनि सहयोग गर्नेछ तर पुन समाज नेपाल केन्द्रिय समितिबाट आधिकारिक रुपमा सहयोगको लागी पत्र आउनु पर्ने छ।

## २.१: सदस्यता:

(क): सदस्यताको लागि **१८ बर्ष** पुगेको जन्म जात पुन हुनुपर्ने छ। **१८ बर्ष भित्रका** छोरा छोरीहरु, **अविवाहित** छोरा छोरीहरु तथा **अपाङ्ग** (असक्त) हरुपनि बाबा आमाको सदस्यता भित्र पर्ने छन। पुन समुदायका युवाहरूले अन्य समुदाय हरुका युवतीहरूलाई विवाह गरेर ल्याएमा पनि सदस्यता हुनेछ तर पुन समुदायका छोरीहरु अन्य जाती सँग विवाह गरेर गएमा **सम्बन्धित व्यक्ति मात्र सदस्य** हुनेछ, **लोग्ने र छोरा छोरिहरु भने मानार्थ सदस्य** मात्र हुने छन।

## २.२: आजीवन सदस्य:

**(क):** आजीवन सदस्य हुन लाई पुन समुदाय हरु **एकसय पाउण्ड** शुल्क (£100.00) तिरी आजीवन सदस्य बन्न सक्ने छन। आजीवन सदस्य पुन समाज यु.के. संस्था रहे सम्म अवधी रहनेछ।

**(ख):** एक सय पाउन्ड शुल्क तिरी आजीवन सदस्य बनेपछी लोग्ने स्वास्नि दुबैलाइ हुनेछ र मताधिकार दुबै जना लाई हुनेछ।

**(ग):** आजीवन सदस्य भैसके पछि कारण जनाइ लिखित रुपमा निवेद दिएमा आजीवन सदस्यबाट हट्न सकिनेछ तर शुल्क फिर्ता हुने छैन र संस्थाबाट कुनैपनि सहयोग पाउने छैन। संस्था बाट कुनै पनि प्रकारको सहयोग लिई सकेको भए संस्थाको आजीवन सदस्य बाट हट्न पाउने छैन।

## २.३: साधारण सदस्य:

**(क):** वार्षिक **२० पाउन्ड** तिरेर संस्थाको साधारण सदस्य बन्न सक्ने छन।

**(ख):** लगातार **नविकरन गर्दै ५ बर्ष** पुगे पछी स्वत: आजीवन सदस्य हुनेछ र मताधिकार दुबै जनालाई हुनेछ।

**(ग):** पाँच चोटि नविकरण नपुग्दै सम्म साधारण सदस्य नै रहनेछ।

**(घ):** वार्षिक २० पाउन्ड तिरेर संस्थाको साधारण सदस्य बने पछी लोग्ने स्वास्नि दुबैलाइ हुनेछ तर मताधिकार सम्बन्धित ब्यक्तिलाई मात्र हुनेछ।

**(ङ):** साधारण सदस्य भैसके पछि कारण जनाइ लिखित रुपमा निवेदन दिएमा साधारण सदस्यबाट हट्न सकिनेछ तर शुल्क फिर्ताहुने छैन र संस्थाबाट कुनैपनि सहयोग पाउने छैन। संस्थाबाट कुनै पनि प्रकारको सहयोग लिई सकेको भए संस्थाको साधारण सदस्य बाट हट्न पाउने छैन।

## २.४: मानार्थ सदस्य:

**(क):** पुन समुदायको उत्थानको लागि बिशेष योगदान पुराएका अन्य नेपाली वा बिदेशीहरुलाई पुन समाज यु.के.को मानार्थ सदस्य प्रदान गर्न सक्नेछ ।

**(ख):** मानार्थ सदस्य कार्य समितिको दुई तिहाइ बहुमतले निर्णय गरेको हुनु पर्नेछ ।

**(ग):** मानार्थ सदस्यको लागि शुल्क लाग्ने छैन ।

**(घ):** मानार्थ सदस्यलाई उम्मेद्वार र मताधिकार हुने छैन ।

## २.५: सदस्यता प्रदान गर्ने बिधिहरु:

**(क):** सदस्यताको लागि फाराम कार्य समिति बाट वा संस्थाको वेबसाईट बाट पनि उपलब्ध हुनेछ।

**(ख):** सदस्यता फाराम शुल्क सहित कार्य-समितिमा निवेदन आएपछी त्यस्को छान विन गर्ने अधिकार कार्य-समिति लाई हुनेछ। कुनै कारणवस् अयोग्य ठहरिएमा सहित लिखितरुपमा सम्बन्धित ब्यक्ति लाई दिनेछ।

**(ग):** कार्यसमितिले सबै प्रकारको सदस्यहरुको पूर्णबिवरणको अभिलेख राख्नेछ। सम्बन्धित ब्यक्तिले माग गरेमा सम्बन्धित लाई मात्र अभिलेख देखाउन सक्नेछ।

**(घ):** साधारण सदस्यको नविकरण शुल्क कार्य-समितिले तोकेको समय भित्र बुझाई सक्नु पर्नेछ।

**(ङ):** सदस्यता बितरण पुन समाज यु.के. को अधिवेशन हुनु भन्दा दुई महिना अगाडि बाट बन्द हुनेछ र अधिवेशन सकिएको दुई महिना पछी बाट पुन:बितरण गरिनेछ ।

## २. ६: सदस्यताको अयोग्यता:

**(क):** संस्थाको प्रतिकुल आचरण गरेमा कार्यसमितिले स्पष्टिकरण माग्ने छ र मनासिब देखेमा सदस्यता खारेज गर्न सक्नेछ। तर सफाइको मौका २१ काम गर्ने दिन दिनेछ।

**(ख):** सदस्यताको मृत्यु भएमा।

**(ग):** राजीनामा स्विकृति भएमा।

**(घ):** संस्थाको बिघठन भएमा।

**(ङ्):** पुन समाज यु.के.को आजीवन वा साधारण सदस्यता भैसकेपछी सदस्य भित्रका ब्यक्तिहरुको निधन भएमा सदस्यले उठाउनु पर्ने **१० पाउन्ड शुल्क** नऊठाएमा कार्यसमितिले स्पष्टिकरण लिएर सदस्यता खारेज गर्न सक्नेछ। तर सफाइको मौका २१ काम गर्ने दिन दिनेछ अथवा निष्क्रिय सदस्य सरह मानिनेछ जस्तै: भोट हाल्न नपाउने, निधनको अवस्थामा कोरोमानो अनिवार्य नहुने र अन्य केन्द्रिय समितिको निर्णय अनुसार अन्य कारवाही हुन सक्नेछ।

**(च):** हरेक बर्ष सदस्यता नविकरण नगरेमा। तर सफाइको मौका २१ काम गर्ने दिन दिनेछ।

# परिच्छेद - ३
# साधारण सभा, अधिवेशन र कार्यसमिती

## ३.१: साधारणसभा:

**(क):** यस संस्थाको सम्पूर्ण सदस्यहरु भएको एक साधारण सभा हुनेछ।

**(ख):** साधारणतया बर्षमा एकपटक साधारण सभा हुनेछ। तर ५१ % (प्रतिशत) सदस्यहरुले लिखित अनुरोध् गरेमा बिशेष साधारण सभा बस्न सक्नेछ।

**(ग):** साधारण सभाको सुचना मिती र स्थान खुलाई **कम्तिमा २ महिना** अगाडि सम्पूर्ण सदस्यहरुलाई दिनु पर्नेछ।

**(घ):** साधारणसभाको गणपुरक सङ्ख्या ५१ % (प्रतिशत) हुनुपर्नेछ तर सदस्य आँफै उपस्थित हुननसकेमा लिखित रुपमा जानकारी गराएमा पनि उपस्थित सङ्ख्या मानिनेछ।

## ३.२: साधारण सभाको काम कर्तब्य र अधिकार:

**(क):** वार्षिक बजेट र कार्यक्रम हरु स्वीकृति गर्ने।

**(ख):** समिति लाई निर्देसन गर्ने।

**(ग):** बैठकमा अनुशासन पुर्वक छलफलमा भागलिनु पर्नेछ। यदी बैठकमा अनुशासन उलङ्घन गरेमा त्यस्ता सदस्यलाई केही समय वा पुरै समयको लागि बैठकबाट निस्कासन गर्न सक्नेछ।

## ३. ३: अधिवेशन तथा यसका काम कर्तब्य र अधिकार:

**(क):** केन्द्रिय समिती, महिला समिती, पुन युवा क्लब र शाखा समितीहरुको पदावधी तीन बर्षको हुनेछ। अधिवेशन पनि हरेक ३ बर्षमा हुनेछ र अधिवेशनले नयाँ कार्यसमितिको गठन गर्नेछ।

**(ख):** यस संस्थाको सर्वोच्च अधिकार प्राप्त निकाय अधिवेशन हुनेछ।

**(ग):** अधिवेशनले पुन समाज युके को केन्द्रिय समिती, महिला समिती युके, पुन युवा क्लब युके को निर्वाचन गर्नेछ भने शाखा समिती हरुको निर्वाचन अधिवेशन सकिएको ६ महिना भित्र सम्पन्न गरिसक्नु पर्नेछ।

**(घ):** अधिवेशनको सुचना मिती र स्थान खुलाई **कम्तिमा ३ महिना** अगाडि सम्पूर्ण सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ।

**(ङ):** तोकिएको समयमा कुनै कारणबस अधिवेशन हुन नसकेमा कार्यसमितिले पुन:६ महिना अन्तिम म्याद थप्न सक्नेछ।

**(च):** अधिवेशनमा पुन समाज यु.के. को केन्द्रिय समिती, शाखा समिती, महिला समिती र पुन युवा क्लब यु.के. को महासचिब वा सचिबले संस्थाको प्रगती प्रतिवेदन कोषाध्यक्ष हरुले आर्थिक प्रतिवेदन पेश गर्नु पर्नेछ भने अध्यक्षहरुले मन्तब्य सहित् कार्यसमितीको बिगठन गर्नेछन ।

## ३.४: केन्द्रिय समितिको गठन:

**(क):** केन्द्रिय समिति निम्न अनुसार हुनेछ:

| | | |
|---|---|---|
| १: | अध्यक्ष | - १ जना |
| २: | उपाध्यक्ष | – २जना (१ महिला) |
| ३: | महासचिब | – १ जना |
| ४: | सचिब् | - १ जना |
| ५: | कोषाध्यक्ष | – १ जना |
| ६: | सह-कोषाध्यक्ष | - १ जना |
| ७: | कार्यकारी सदस्यहरु | - १६ जना (१३ जना निर्वाचित हुनुपर्ने र ३ जना निर्वाचित अध्यक्षले मनोनित गर्नेछ। मनोनित सदस्यलाई कार्यसमितिको बहुमतले अनुमोदन गर्नु पर्नेछ) । |

**(ख):** केन्द्रिय समितिले शाखा समितिहरु बाट १ जना र शाखा समिती नभ्एको ठाउहरुबाट सकृयताको आधारमा बिभिन्न क्षेत्रहरु बाट १/१ जना प्रतिनिधि नियुक्त गर्न सक्नेछ। नियुक्त भएका प्रतिनिधिहरु पनि कार्यकारी सदस्य सरह हुनेछन।

**(ग):** प्रत्येक शाखा अध्यक्षहरु पनि केन्द्रिय कार्यसमितीको पदेन सदस्य हुनेछन ।

## ३. ५: शाखा समिति, महिला समिति र पुन युवा क्लब:

**(क):** शाखा समितिहरुको कार्यसमिति संख्या निम्न बमोजिम रहनेछन:

| | | | |
|---|---|---|---|
| १: | अध्यक्ष | - | १ जना (केन्द्रिय समितिको कार्यकारी सदस्य) |
| २: | उपाध्यक्ष | - | १ जना |
| ३: | सचिब | - | १ जना |
| ४: | सह सचिब | - | १ जना |
| ५: | कोषाध्यक्ष | - | १ जना |
| ६: | सह कोषाध्यक्ष | - | १ जना |
| ७: | सदस्यहरु | - | ७ जना सम्म |
| ८: | सल्लाहकारहरु | - | आवश्यकता अनुसार |

नोट: निर्वाचित कार्यसमितिले क्षत्रिय प्रतिनिधि पनि नियुक्त गर्न सक्नेछ।

**(ख):** महिला समितीको कार्यसमिती संख्या निम्न बमोजिम रहनेछन:

| | | | |
|---|---|---|---|
| १: | अध्यक्ष | - | १ जना (केन्द्रिय समितिको कार्यकारी सदस्य) |
| २: | उपाध्यक्ष | - | १ जना |
| ३: | सचिब | - | १ जना |
| ४: | सह सचिब | - | १ जना |
| ५: | कोषाध्यक्ष | - | १ जना |
| ६: | सह कोषाध्यक्ष | - | १ जना |
| ७: | सदस्यहरु | - | ९ जना सम्म |
| ८: | सल्लाहकारहरु | - | आवश्यकता अनुसार |

नोट: निर्वाचित कार्यसमितिले क्षत्रिय प्रतिनिधि पनि नियुक्त गर्न सक्नेछ।

**(ग):** पुन युवा क्लबको कार्यसमिती संख्या निम्न बमोजिम रहनेछन:

| | | | |
|---|---|---|---|
| १: | अध्यक्ष | - | १ जना (केन्द्रिय समितिको कार्यकारी सदस्य) |
| २: | उपाध्यक्ष | - | २ जना (महिला १ जना, पुरुष १ जना) |
| ३: | सचिब | - | १ जना |
| ४: | सह सचिब | - | १ जना |
| ५: | कोषाध्यक्ष | - | १ जना |
| ६: | सह कोषाध्यक्ष | - | १ जना |
| ७: | सदस्यहरु | - | १२ जना सम्म |
| ८: | सल्लाहकारहरु | - | आवश्यकता अनुसार |

नोट: निर्वाचित कार्यसमितिले क्षत्रिय प्रतिनिधि पनि नियुक्त गर्न सक्नेछ।

## ३. ६: सल्लाहकार समिती:

**(क):** केन्द्रिय समितिले जरुरी परे अनुसार सल्लाहकार समिती खडा गर्नेछ।

## ३. ७: कार्यसमितिको बैठक:

**(क):** कार्यसमितिको बैठक:हरेक ६ महिनामा बस्नेछ। यदी कुनै आकस्मिक् बैठक बस्नु परेमा कार्यसमितिको अध्यक्ष्यले कुनै पनि समय बैठक बोलाउन सक्ने छ।

## ३. ८: बिभागीय संयोजक:

**(क):** केन्द्रिय समितिले कार्यसमिती भित्र बाट वा त्यस बिभाग सँग सम्बन्धित अनुभवी बाहिर बाट पनि नियुक्त गर्न सक्नेछ। बाहिर बाट नियुक्त भएका संयोजकहरु पनि कार्यकारी सदस्य सरह मानिनेछ। बिभागीय संयोजकहरुले आफ्नो बिभाग सम्बन्धी अनुभवी दुई जनालाई सदस्य नियुक्त गर्न सक्नेछ तर उक्त नियुक्त सदस्यले कार्यसमितिको निर्णयमा मताधिकार हुने छैन।

# परिच्छेद - ४
# काम, कर्तब्य र अधिकार

## ४.१: अध्यक्षको काम कर्तब्य र अधिकार:

**(क):** कार्यसमितिको बैठक, साधारण सभा र अधिवेशनको अध्यक्षता गर्ने।

**(ख):** कार्यसमिति हरुलाई निर्देशन दिने ।

**(ग):** सभा र बैठकहरुमा मत बराबरी भएमा निर्णायक मत दिने।

**(घ):** आकस्मिक सभा या बैठक बोलाउन निर्देशन दिने ।

**(ङ):** कार्यसमितिले तोकेको काम गर्ने।

**(च):** अन्य संघ संस्थाबाट निमन्त्रणा आएमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने।

## ४.२: उपाध्यक्षको काम कर्तब्य र अधिकार:

**(क):** अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्य गर्ने।

**(ख):** कार्यसमितिले तोकेको काम गर्ने।

**(ग):** अध्यक्ष लाई सहयोग गर्ने।

## ४. ३: महासचिबको काम कर्तब्य र अधिकार:

**(क):** अध्यक्षको निर्देशन बमोजिम कार्यसमितिको बैठक, साधारणसभा र अधिवेशन बोलाउने।

**(ख):** कार्यसमिती बैठक, साधारणसभा र अधिवेशनमा प्रस्ताबहरु तयार गरी पेश गर्ने।

**(ग):** साधारण सभा र अधिवेशन मा संस्थाको प्रतिवेदन पेश गर्ने।

**(घ):** कार्यसमितिको बैठक, साधारण सभा र अधिवेशन बाट पारीत निर्णयहरु कार्यन्वयन गर्ने र गर्न लगाउने।

**(ङ):** संस्थाको कागज पत्रहरु, अभिलेख हरु ब्यबस्थित र सुरुक्षित सँग राख्ने।

**(च):** संस्थाको तर्फ बाट पत्रचार गर्ने।

**(छ):** साधारण सभा र कार्यसमितिले तोकेको कार्यहरु गर्ने।

**(ज):** संस्थाको साधारण सभा, अधिवेशन र कार्यसमितिको बैठकहरुको निर्णय लिखित रुप्मा अभिलेख राख्ने।

**(झ):** युके चरिटी कमिसन (UK Charity Commision) को लागि बार्षिक प्रगति प्रतिबेदन तयारी गर्ने।

## ४. ४: सचिबको काम कर्तब्य र अधिकार:

**(क):** सचिबको निर्देशनमा काम गर्ने।

**(ख):** सचिबको अनुपस्थितिमा सचिबको जिम्मेवारीको काम गर्ने।

**(ग):** कार्यसमितिले तोकेको काम गर्ने।

## ४. ५: कोषाध्यक्षको काम कर्तब्य र अधिकार:

**(क):** संस्थाको हर हिसाब दुरुस्त राख्ने।

**(ख):** लेखा परिक्षण गराउने।

**(ग):** साधारण सभा अधिवेशनमा संस्थाको आय-ब्येय प्रस्तुत गर्ने।

**(घ):** कार्यसमिती र साधारणसभाको आर्थिक सम्बन्धी निर्णय कार्यन्वयन गर्ने गराउने।

**(ङ):** सबै खालका हर-हिसाबहरु बैठक बाट अनुमोदन गराउने।

**(च):** अधिवेशनमा आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने।

**(छ):** कार्यसमितिले तोकेको कार्य गर्ने।

**(ज):** युके चरिटी कमिसन (UK Charity Commision) को लागि बार्षिक आर्थिक प्रतिबेदन तयारी गर्ने।

## ४. ६: सह-कोषाध्यक्षको काम कर्तब्य र अधिकार:

**(क):** कोषाध्यक्ष लाई सहयोग गर्ने।

**(ख):** कोषाध्यक्षको अनुपस्थितिमा वा रिक्तभएमा कोषाध्यक्षले गर्ने सबै काम गर्ने।

**(ग):** कार्यसमितिले तोकेको कार्यहरु गर्ने।

## ४. ७: कार्यकारी सदस्यहरुको काम कर्तब्य र अधिकार:

**(क):** कार्यसमितिको निर्णय कार्यन्वयन गर्ने र गराउने।

**(ख):** कार्यसमितिले तोकेको काम या जिम्मेवारी बहन गर्ने।

## ४. ८: सल्लाहकार समितीको काम कर्तब्य र अधिकार:

**(क):** कार्यसमिति लाई सल्लाह सुझाब दिनको लागि सल्लाहकार समितिको गठन कार्य-समितिले गर्नेछ।

**(ख):** सल्लाहकार समिती कार्यसमितिले तोकेको सँख्या अनुसार राख्न सकिनेछ।

**(ग):** सल्लाहकार समितिको अवधी कार्यसमितीको अनुसार रहनेछ।

**(घ):** कार्यसमितिको अध्यक्ष भै अवकास भएपछी स्वत: सल्लाहकारमा मनोनित हुनेछ।

**(ङ):** सल्लाहकारहरुको काम कर्तब्य र अधिकार कार्यसमितिले तोके अनुसार हुनेछ।

## ४. ९: केन्द्रिय समितिको काम कर्तब्य र अधिकार:

समाजको उदेश्य प्राप्तिको लागि बिभिन्न बिभागहरु गठन गर्न सक्नेछ। जस्तै:

**(क):** अन्तरराष्ट्रिय संपर्क तथा समन्वय बिभाग

**(ख):** च्यारिटी तथा वेल्फेयर बिभाग

**(ग):** भैइपरि आउने, आपतकालिन राहत कोष बिभाग

**(घ):** महिला बिभाग, युवा बिभाग

**(ङ):** साँस्कृतिक बिभाग, पुर्खेउली बिभाग, कर्म काण्ड बिभाग

**(च):** प्रकाशन / बिधान बिभाग, मातृ भाषा बिभाग,

**(छ):** खेलकुद बिभाग

**(ज):** आर्थिक बिभाग

**(झ):** अनुशासन बिभाग

**(ञ):** प्रोपर्टी बिभाग

**(ट):** यातायात बिभाग

**(ठ):** खानपिन ब्यवस्थापन बिभाग

**नोट:** कार्यसमितिको पदावधी ३ बर्षको हुनेछ। मुल कार्यसमिती बिघठन भए पछी सबै बिभाग,क्लब वा उपसमितिहरु पनि स्वत: बिघठन भएको मानिनेछ कार्यसमिति सदस्यमा ३ जना महिलाहरुलाई प्राथमिकता दिनेछ।

## ४. १०: शाखा समिति, महिला समिती र पुन युवा क्लबको काम, कर्तब्य र अधिकार:

**(क):** कार्यसमिती वा साधारण सभाको निर्णयहरुलाई कार्यन्वयन गर्ने र गराउने।

**(ख):** शाखा समिति, महिला समिति र क्लबहरुले केन्द्रिय समितिको स्वीकृति लिएर कुनै पनि सामाजिक कार्यहरु गर्न सक्नेछ। यदी शुल्क लिएर आयोजना गरिएको कार्यक्रम भए उठेको रकमबाट खर्च कटाएर नाफा भएको रकमबाट २५% केन्द्रिय समितीमा बुझाउनु पर्नेछ। तर यदि नोक्सान भएमा केन्द्रीय समिति जिम्मेवारी हुने छैन। कोष संचालनको लागि छुट्टै बैंक खाता खोल्न सक्नेछन। उल्लेखित समितीका सचिब र कोषाध्यक्षले केन्द्रिय समितिको साधारण सभा, अधिवेशनमा अनिवार्य रुपमा संस्थाको प्रतिवेदन र हिसाब बिवरण बुझाउनु पर्नेछ।

**(ग):** महिला समिति र पुन युवा क्लबको निर्वाचन आफ्नै क्लब अथवा समितिका सदस्यहरु बाट नै गर्नेछ। निर्वाचित अध्यक्षहरु स्वत: केन्द्रिय समितिको कार्यकारिणी सदस्यमा रहनेछन।

**(घ):** कार्यसमितिले तोकेको कार्यहरु गर्ने।

## ४. ११: आजीवन र साधारण सदस्यहरुको जिम्मेवारी:

(क): समाज अथवा सदस्यहरुलाई क्षति (हानि-नोक्सानी) हुने कुनै पनि कार्यक्रम गर्न पाउने छैन।

(ख): पुन समाज युकेको बिधान अनुसार आफुले तिर्नु पर्ने सदस्यता शुल्क अथवा कोरोमानो अनिवार्य रुपमा समयमै बुझाउनु पर्ने छ।

(ग): पुन समाज युके को घोषित बिधान अथवा नियम हरुलाई अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

(घ): यदि केन्द्रिय समितिको कार्यक्रम प्रति असन्तुष्टि (चित्त नबुझेको) भएमा लिखित रुपमा क्षेत्र प्रतिनिधि अथवा शाखा समिति मार्फत केन्द्रिय समितिमा उजुरी गर्न सकिने छ।

(ङ): यदि आफ्नो सम्पर्क ठेगाना, टेलिफोन नं., ईमेल एड्रेस हरु परिवर्तन भएमा क्षेत्र प्रतिनिधि, शाखा समिति अथवा सिधै केन्द्रिय समितिलाई तुरुन्त जानकारी गराउनु पर्नेछ।

(च): यदि कुनै प्रकारको आकस्मित समस्याहरु आई परेमा क्षेत्र प्रतिनिधि, शाखा समिति अथवा सिधै केन्द्रिय समितिलाई तुरुन्त जानकारी गराउनु पर्नेछ।

(छ): यदि केन्द्रिय समितिले मनासिब ठानेमा कार्य समिति बैठकमा छलफलगरी निर्णय गर्नेछ तर लिखित रुपमा नआएका बाहिरि हल्लाहरुको बारेमा समाज उत्तरदायी हुने छैन।

# परिच्छेद - ५
# आर्थिक ब्यबस्था

## ५.१: संस्थाको कोष:

**(क):** संस्थाको नाममा स्थानिय बैंकमा खाता खोलिनेछ। कार्यसमितिको अध्यक्ष, सचिब र कोषाध्यक्ष मध्य कुनै दुई जनाको संग्युक्त हस्ताक्षर बाट खाता सन्चालन गरिनेछ। तर कोषाध्यक्ष्यको हस्ताक्षर अनिवार्य हुनुपर्नेछ।

**(ख):** कार्यसमितिले बिविध प्रयोजनको लागि कोषहरु खडा गर्न सक्नेछ।

**(ग):** संस्थाको छुट्टै आफ्नै कोष हुनेछ।कोषमा चल अचल सम्पति रहने छन।

## ५.२: कोषका स्रोतहरु:

**(क):** सदस्यता शुल्क, चन्दा अनुदान, प्रकाशन बिक्री।

**(ख):** विविध कार्यक्रमहरुको आयोजना बाट उठेको रकम।

**(ग):** सहयोग दाताहरुबाट संकलन हुन आएको रकम।

**(घ):** आजीवन सदस्यता र साधारण सदस्यताबाट संकलित रकम पुन समुदायको भाषा, सँस्कृति तथा एतिहासिक कार्यहरुमा बाहेक खर्च गर्न पाउने छैन। त्यसको लागि पनि साधारण सभामा जानकारी गराएर बहुमतले पास गरे पछी मात्र खर्च गर्न पाउनेछ।

**(ङ्):** समाजको कोष कुनै व्यक्तिगत प्रयोजनको लागि प्रयोग गर्न पाउने छैन।

**(च):** संस्थाको अधिवेशन हुनु अगाडि लेखा परिक्षण गराउनु पर्नेछ।

## ५. ३: सहयोगको प्रकार:

**(क):** यस संस्थाको सदस्यता लिएका बेलायतबासी पुनहरुको **निधन भएमा** प्रत्येक सदस्य हरुबाट **१० पाउन्ड** उठाइ संस्थाको तर्फ बाट **सदस्य हरुको नाम** सहित प्रदान गरिनेछ।

**(ख):** यस संस्थाको सदस्यता नलिएका पुनहरुको निधन भएमा संस्थाले स्वेच्छित चन्दा अभियान गर्न सक्ने छ तर बाध्यकारि (अनिवार्य) हुने छैन।

**(ग):** बेलायतबासी पुनहरुलाई कुनै दैवी प्रकोप आपत्ति परेमा संस्थाले अन्य संघ संस्थाहरु सँग समन्वय गरी चन्दा अभियान गर्न सक्नेछ।

**(घ):** नेपाल वा अन्य देशहरुमा बसोबास गर्ने पुन हरु वा **पुनहरु द्वरा संचालित परोपकारी** संस्थाहरुबाट सहयोगको लागि **लिखितरुपमा निवेदन** आएमा र कार्यसमितिले उपयुक्त ठानेमा स्वेच्छित रुपमा चन्दा संकलन गरी सहयोग गर्न सक्नेछ।

**(ङ्):** पुनसमाजले प्रदानगर्ने ५. ३ - (क) को सहयोग बाहेक अन्य सहयोगहरुको लागि सम्बन्धित व्यक्ति वा संस्थाले सहयोगको लागि **लिखित निवेदन** दिनु पर्नेछ।

# परिच्छेद् - ६
# निर्वाचन, विधान संशोधन तथा विविध

## ६.१: निर्वाचन सम्बन्धी व्यबस्था:

**(क):** कार्यकारीणी समितिले आफ्नो पदावधी सकिनु भन्दा ३ महिना अगाडि तीन देखी पाँच सदस्यीय निर्वाचन समिती गठन गर्नेछ।

**(ख):** पहिलो प्राथमिकता सर्व सम्मती हुनेछ। यदी सो नभएमा निर्वाचन गोप्य मतदान बाट हुनेछ।

**(ग):** निर्वाचन कार्य सकिएर नयाँ कार्य समितिको घोषणा भए पछी निर्वाचन समितीको पनि स्वत: बिघठन हुनेछ। तर यदी सो समयमा निर्वाचन सम्पन्न हुन नसकी स्थगित हुन पुगेमा बढीमा ६ महिना अवधी सम्मको लागि संस्थाको कार्यहरुलाई निरन्तरता दिनको लागि निर्वाचन समितिले तदर्थ समितिको गठन गर्न सक्नेछ। पु:न निर्वाचनको लागि मिती, स्थान, समय र प्रकृयाहरु सोही निर्वाचन समितिले नै गर्नेछ। नयाँ कार्यसमितीको गठन भए पछी तदर्थ समिती स्वत: खारेज हुनेछ।

**(घ):** गोप्य मतदान बाट मत परिणाम बराबर भएमा पुन: मतदान हुनेछ। पुन: मतदान बाट पनि बराबरी भएमा गोला प्रथा बाट पनि निर्णय गर्न सकिनेछ।

**(ङ):** विधान संगठन मिल्ने भएमा निर्वाचन समितिले निर्वाचन प्रकृयाको लागि अस्थायी नियम बनाउन सक्नेछ। सो नियम निर्वाचन पछी स्वत: खारेज हुनेछ।

**(च):** निर्वाचनमा उम्मेद्वारी दिन र मत हाल्न संस्थाको सदस्यता लिएको हुनु पर्नेछ। नविकरण नभएको भय उम्मेद्वारी दिन र मत हाल्न पाउने छैन।

**(छ):** उम्मेद्वारी शुल्क सम्बन्धि कार्य-समितिले निर्णय गरे बमोजिम रहनेछ।

**(ज):** अध्यक्ष पदको लागि कार्यसमितीको सल्लाहकार देखी कार्यसमिती सदस्य भित्र रही एक कार्यकाल काम गरि सकेको हुनु पर्नेछ।

**(झ):** मत खसाल्न आँफै उपस्थित हुनु पर्नेछ। अरु कसै मार्फत सिफारिस, मन्जुरिनामा अथवा कुनै पनि माध्यम (हुलाक, इमेल, टेलिफोन) मार्फत मत पठाउन पाउने छैन।

**(ञ):** बर्तमान कार्य समितिहरुको कुनै पनि पद अधिवेशनको दिनमा बर्तमान अध्यक्षबाट बिघठनको घोषणा नभए सम्म कायम रहने छ तर निर्वाचन समितिको कार्यतालिका अनुसार आफ्नो इच्छा अनुसारको पदमा निवेदन फारम भर्न सक्नेछन।

**(ट):** अध्यक्ष पदको लागि एउटै व्यक्तिले तेश्रो कार्यकालको लागि उम्मेद्वारी दिन पाउने छैन। तर तेश्रो कार्यकालको लागि कसैको उम्मेद्वारी नपरेमा अर्को कार्यकाल पनि अध्यक्ष गर्न सक्नेछ।

**(ठ):** महिला समिति र पुन युवा क्लबको निर्वाचन आफ्नै क्लब अथवा समितिका सदस्यहरु बाट नै हुनेछ। निर्वाचित अध्यक्षहरु स्वत: कार्यकारिणी सदस्यमा रहनेछन।

## ६. २: बिधान संशोधन:

**(क):** संस्थाको बिधान संशोधन गर्नु परेमा कार्यसमितिले त्यस सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न **वार्षिक साधारण सभा, बिशेष भेला वा अधिवेशन** बाट अनुमोदन गराउनु पर्नेछ।

**(ख):** वार्षिक साधारण सभा, बिशेष भेला वा अधिवेशनमा **उपस्थित सम्पूर्ण सद्स्य संख्याको दुई तिहाइ सदस्यहरुले** समर्थन जनाएमा संशोधन प्रस्ताव पारीत भएको मानिनेछ।

(ग): पहिलो र दोस्रो बार्षिक साधारण सभा अथवा बिशेष सभामा निर्णय गरिएको बिधानलाई संशोधन र तेस्रो बार्षिक साधारण सभा अथवा अधिवेशन बाट अनुमोदन भएको विधानलाई संस्करणमा परिणत गरिनेछ।

## ६. ३: नियम बनाउने:

**(क):** मुल कार्यसमितिले यो बिधानको अधिनमा रही नियम उप-नियमहरु बनाउन सक्ने छ तर उपसमिती, बिभाग या क्लबले बनाउन सक्ने छैन।

## ६.४: गोप्यता:

**(क):** कुनै पनी पदाधिकारी वा तथा संस्थाको जिम्मेवारि लिएका सदस्यहरुले समिती वा संस्थाको गोप्यता भङ्ग हुने कुरो प्रकट गर्न पाउने छैन।

## ६. ५: निस्कृयता:

**(क):** यो बिधानमा उल्लेखित भएका कुराहरु बेलायतको एन कानुन संग बाझिएमा बाझिएको हदसम्म त्यस्ता कुराहरु स्वत: निस्कृय हुनेछन।

## ६. ६: व्याख्या गर्ने अधिकार:

**(क):** यस बिधानको कुनै पनि धारा, उप-धाराका कुराको व्याख्या गर्ने अन्तिम अधिकार मुल कार्य-समिति लाई हुनेछ।

## ६. ७: बुझ बुझारत (हस्तान्तरण):

**(क):** निर्वाचित कार्य-समिति लाई बिघठित कार्यसमितिले संस्थाको सम्पूर्ण कागजात तथा अभिलेखहरु र चल्-अचल सम्पति सहितको बिवरण अधिवेशन सकिएको तिन महिना भित्रमा पदाधिकारिहरुको हस्ताक्ष्यर सहित बुझ बुझारत गर्नु पर्नेछ।

## ६. ८: पदाधिकारी सदस्यहरु कायम नरहने अवस्था:

**(क):** मृत्यु भएमा।

**(ख):** अध्यक्षले उपाध्यक्ष मार्फत र अन्य पदाधिकारी वा सदस्यहरुले अध्यक्ष मार्फत कार्यसमितिमा लिखित राजीनामा दिएमा।

(ग): बिना सुचना लगातार ४ पटक सम्म बैठक मा अनुपस्थित भएमा। तर सफाइको मौका २१ कामगर्ने दिन दिनेछ।

**(घ):** संस्थाको विधान प्रतिकुल काम गरेमा।

## ६. ९: अविस्वासको प्रस्ताव:

**(क):** कुनै सल्लाहकार वा पदाधिकारी वा सदस्य उपर अविस्वासको प्रस्ताव साधारण सभामा पेशगर्न सकिनेछ। साधारण सभाको उपस्थित सदस्यहरुको दुई तिहाइ बहुमत बाट प्रस्ताव पारीत भएमा सल्लाहकार वा पदाधिकारी वा सदस्य पद च्युत हुनेछ। निज लाई सफाइको मौका २१ कामगर्ने दिन दिनेछ।

## ६. १0: भेष-भुषा:

**(क):** म्याग्दी जिल्ला हिस्तान गा बि स औलमा २०६३ सालमा भएको स्वर्ण जयन्ती समारोहले पुन मगर हरुको भेष-भुषा निम्न अनुसारको निर्णय गरेको छ।

१: **महिला:**

**पोशाक:** चोली, तेकी, निलोपटुकी, छिट्को गुन्यु, मेत्तोरो,

**गहना:** डोरी, हरियो पोते, जन्तर्, नजरी, चेप्टेसुन, मारुली, बुलाकी, फुली, चादिकोरया, ठोका, बाघ्मुखेबालो, पैसेपोते, ठेमरा, कण्ठा, मुगापोते, शिरबन्दी, नारगेन



२: **पुरुष:**

**पोशाक:** तल्ल सेरे, भोटो, आस्कोट, फेटा, पटुका, गादा, टोपी, पेटी, मिन्दु

**गहना:** दुर्बली, चादिको बालो (कम्मरमाखुकुरी)



## ६. ११: सपथ ग्रहण:

म (आफ्नो नाम) ________________________________________ हाम्रो कुल देवता लाई साक्षी राखी प्रतिज्ञा गर्दछु कि, पुन समाज यु. के. को बिधान र यस अन्तर्गत बनेका नियमहरुको पालना गर्दै, म मेरो कार्यकाल भरी, म निर्वाचित भएको पदको दुरुपयोग्, पुन समाजको गोपनियता भङ्ग हुने र समाज लाई असर पुग्ने खालको कुनै पनि कार्य गर्ने, गराउने छैन ।

म मेरो बुद्धी, बिवेक र क्षमताले भ्याए सम्म संस्थाको उद्देश्य प्राप्तिको लागि निस्वार्थ, पारदर्शी र इमान्दारिका साथ कृयाशिल रहने छु ।

हस्ताक्षर : ______________________________

मिती: ______________________________

निर्वाचन समितिको नाम: ______________________________

निर्वाचन समितिको हस्ताक्षर: ______________________________

मिती: ______________________________

## ६. १३: सदस्यता फारम:

# Pun Samaaj UK Membership Application/DATA Collection Form

**Personal Information:**

Membership Number [ ]

Title [Mr/Mrs/Miss/Dr.]

First Name [ ] Home Telephone No. [ ]

Surname [ ] Mobile Number [ ]

E-mail [ ] Village in Nepal [ ]

**Address in United Kingdom:**

[ ]

**Religion:** [ ]

**Family Details:**

Spouse Name [ ]

**Children Details:**

[ ]

**Membership Type** (Please tick in the box applicable to you):

Life Member [ ] General Member [ ] Non-Member [ ]

Membership subscription for ordinary member starts from £20 a year for five years. The sooner you pay £100 to the Samaaj account the earlier you will get a life membership. You can make onetime payment of £100 to get life membership straight away for couple and unmarried dependents. Payment can be made in cash, Bank transfer or by cheque. Cash payment may be paid either to the Treasurer or your area representatives. Cheque payment is to be made payable to 'The Pun Samaaj UK'.

Applicants Signature [ ] Date [ ]

**Approved by:**

President Signature [ ] Secretary Signature [ ]

Date [ ] Date [ ]

## ६. १४: बिधान सँशोधन् र संस्करण:

| S/N | EDDITIONS | AMENDMENTS | DATES | RMKS |
|---|---|---|---|---|
| **01** | Eddition 01 | Establisment | 2007 - 2009 | Established. Basingstoke |
| **02** | Eddition 01 | Continued as same | 2009 -2011 | N /A – Northolt (NH) |
| **03** | Eddition 02 | Continued as same | 2011 -2013 | |
| **04** | Eddition 03 | Varbal agreement such as 3 years term | 29 Dec 2013 | AGM and Assembly Reading |
| **05** | Eddition 03 | Amendment 1<br>Please see agenda list and report | 11 May 2014<br>18 May 2014 | Constitution Meeting /NH<br>AGM / Basingstoke (BS) |
| **06** | Eddition 03 | Amendment 2<br>Please see agenda list and report | 29 Dec 2014<br>30 May 2015 | Committee Meeting/BS<br>AGM / Basingstoke (BS) |
| **07** | Eddition 03 | Amendment 3<br>Please see agenda list and report | 07 Nov 2015<br>16 Jan 2016 | Committee Meeting (HL)<br>AGM / Basingstoke |
| **07** | Eddition 04 | Amendment 4<br>Agenda list to follow | 24 Sept 2016<br>14 Jan 2017 | Committee Board Meeting<br>Approval for Eddition 5 in forth coming AGM (GA) on Sat, 14 Jan 2017 |
| **08** | Eddition 05 | See full report | 14 Jan 2017 | Eddition 5 has been aproved by the AGM (GA) |

**जय करबाकेली बाबा !**

**जय पुन समाज यु.के. !!**

**!! समाप्त !!**